केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/११/०७४/७५

मिति: २०७४/०९/१४

## सूचना

**इजाजतपत्रप्राप्त सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु**

व्यवसायिक कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने ब्याज अनुदानसम्बन्धी कार्यविधि, २०७३ बमोजिम ब्याज अनुदानमा आधारित कृषि कर्जा ग्रामीण क्षेत्रमा मात्र प्रवाह गर्न सकिने व्यवस्था रहेको र ग्रामीण क्षेत्र भन्नाले गाँउपालिका तथा नगरपालिकालाई सम्झनुपर्छ र सो शब्दले केन्द्रीय समन्वय समितिले दफा १० बमोजिम तोकेका महानगरपालिका र उप-महानगरपालिकाका ग्रामीण क्षेत्रलाई समेत सम्झनुपर्छ भनी परिभाषित भएको सन्दर्भमा केन्द्रीय समन्वय तथा अनुगमन समितिको मिति २०७४/०९/१३ को बैठकबाट भरतपुर महानगरपालिकाको वडा नं. ४ देखि ९ तथा ११ देखि २९ सम्मको क्षेत्रहरु र हेटौंडा उप-महानगरपालिकाको १६ वटा वडाहरु (१,३, ५ देखि ९ र ११ देखि १९) का क्षेत्रहरुलाई ग्रामीण क्षेत्र तोक्ने निर्णय भएको व्यहोरा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै, अन्य महानगर र उपमहानगरको सन्दर्भमा सम्बन्धित जिल्ला समन्वय समितिबाट सिफारिस आएमा सोही आधारमा ग्रामीण क्षेत्र तोक्दै जाने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

भवदीय,

(नारायण प्रसाद पौडेल)
कार्यकारी निर्देशक

Notice 2074_75